महालेखा परीक्षकको विभागको
सूचना

श्री ५ को सरकारको मिति २०४१।३।३० को निर्णयानुसार देहायका व्यक्तिहरूलाई लेखापरीक्षण सेवा, राजपत्राङ्कित तृतीय श्रेणी लेखापरीक्षण अधिकारी पदमा छ (६) महीनाको परीक्षणकालमा रहने गरी मिति २०४१।४।१ देखि नियुक्ति गरी यस विभागको लेखापरीक्षण अधिकारी पदमा पदस्थापन गरिएको छ ।

१. श्री अमिरबहादुर खत्री मास्के ।
२. श्री आनन्दवल्लभ पाण्डे ।
३. श्री भद्रेश्वरप्रसाद उपाध्याय ।

आज्ञाले,
जगतबहादुर महर्जन
निर्देशक

महालेखा परीक्षकको विभागको
सूचना

श्री ५ को सरकारको मिति २०४०।१०।५ को निर्णयानुसार लेखापरीक्षण सेवा राजपत्र अनङ्कित प्रथम श्रेणीका यस विभागका पदाधिकारी श्री नानीकाजी बोगटीलाई सोही सेवाको राजपत्राङ्कित तृतीय श्रेणीमा मिति २०४०।१०।५ देखि बढुवा गरी यसै विभागको लेखापरीक्षण अधिकारी पदमा पदस्थापन गरिएको छ ।

आज्ञाले,
जगतबहादुर महर्जन
निर्देशक

४००

श्री ५ को सरकारको छापाखाना, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।